Australian Government
Aged Care Quality and Safety Commission

Engage
*Empower*
**Safeguard**

# वृद्ध हेरचाह गुणस्तर र सुरक्षा आयोग के हो?



**वृद्ध हेरचाह गुणस्तर र सुरक्षा आयोगमा, हाम्रो काम अष्ट्रेलिया सरकारद्वारा वित्तपोषित वृद्ध हेरचाह सेवाहरू प्रयोग गर्ने मानिसहरूको सुरक्षा गर्नु हो।**

जब तपाईं वृद्ध हेरचाह सेवाहरू प्राप्त गर्नुहुन्छ, तपाईंसँग निम्न अधिकारहरू हुन्छन्:

- मर्यादा र सम्मान
- तपाईंको आवश्यकताहरू पूरा गर्ने सुरक्षित र गुणस्तरीय हेरचाह।

हामी सेवाहरूले सकेसम्म उत्तम हेरचाह प्रदान गर्ने र अधिकारको कथनअनुरूप सेवाहरू प्रदान गर्ने सुनिश्चित गर्न मद्दत गर्दछौं।

हामी यो निम्नद्वारा गर्छौं:

- वृद्ध हेरचाह प्रदान गर्ने प्रदायकहरू दर्ता गर्ने
- सेवाहरूले वृद्ध हेरचाह गुणस्तर मापदण्डहरू पूरा गरेको जाँच गर्ने
- प्रदायकहरू र कामदारहरूले वृद्ध हेरचाह आचारसंहिता पालना गर्ने तरिकाले व्यवहार गरेको सुनिश्चित गर्ने
- वृद्ध हेरचाह सेवाहरूको बारेमा उजुरीहरू हेर्ने
- यदि प्रदायकहरूले मापदण्डहरू पूरा गर्दैनन् वा मानिसहरूको अधिकारको सम्मान गर्दैनन् भने परिवर्तनको लागि बाध्य गर्ने
- प्रदायकहरूले शुल्क, योगदान र कोषको उचित व्यवस्थापन गरेको सुनिश्चित गर्ने
- सम्भावित नयाँ वृद्ध हेरचाह संस्थाहरू उपयुक्त छन् भन्ने सुनिश्चित गर्ने
- गम्भीर घटनाहरूको अनुसन्धान गर्ने
- हाम्रो निष्कर्षहरूको बारेमा जानकारी प्रकाशित गर्ने
- राम्रो हेरचाहको अर्थ के हो र सेवाहरूबाट के अपेक्षा गर्ने भनेर व्याख्या गर्ने।

हाम्रो कामले अधिकांश वृद्ध हेरचाह सेवाहरू समेट्छ तर सेवानिवृत्ति गाउँहरू समावेश गर्दैन।

## हामी कसरी मद्दत गर्न सक्छौं?

अधिकारको कथनले प्रतिक्रिया दिने र उजुरी गर्ने तपाईंको अधिकारलाई सुरक्षित गर्दछ। *वृद्ध हेरचाह ऐन २०२४*मा पेश गरिएको, अधिकारहरूको कथनले वृद्ध हेरचाह सेवाहरूमा पहुँच गर्दा तपाईंसँग भएका अधिकारहरूको रूपरेखा प्रदान गर्दछ।

यदि तपाईंलाई आफ्नो हेरचाहको बारेमा चिन्ता छ भने, यसलाई समाधान गर्न तपाईं आफ्नो सेवालाई तपाईंसँग काम गर्न अनुरोध गर्न सक्नुहुन्छ।

तपाईंको सेवामा प्रतिक्रिया र उजुरी सम्बोधन प्रक्रिया हुनुपर्दछ। उनीहरूले तपाईका चिन्ताहरूलाई सम्बोधन गर्न के गरिरहेका छन् भनेर उनीहरूले तपाईलाई बताउनु पर्छ। तिनीहरूले तपाईंलाई उजुरी गरेकोमा फरक व्यवहार गर्न सक्दैनन्।

हामीसँग नि:शुल्क उजुरी सेवा छ। यदि तपाईं आफ्नो प्रदायकले तपाईंको चिन्ताको बारेमा दिएको प्रतिक्रियामा खुसी हुनुहुन्न भने तपाईं हामीसँग कुरा गर्न सक्नुहुन्छ। तपाईंले हामीलाई तपाईंको सेवा वा अधिकारहरूको बारेमा प्रश्नहरू पनि सोध्न सक्नुहुन्छ।

हामी निम्नद्वारा मद्दत गर्नेछौं:

- तपाईंलाई सुनेर
- तपाईंलाई सही जानकारी दिएर
- चिन्ताहरू समाधान गर्न तपाईं र तपाईंको सेवासँग काम गरेर।

तपाईंले परिवारका सदस्य, साथी वा वकिललाई तपाईंको लागि हामीसँग सम्पर्क गर्न अनुमति दिन सक्नुहुन्छ। यदि तपाईं चाहनुहुन्छ भने कुराकानी गोप्य वा अज्ञात गर्न सकिन्छ।

तपाईं हामीलाई फोन, अनलाइन फाराम, इमेल वा हुलाकमार्फत सम्पर्क गर्न सक्नुहुन्छ।

## तपाईंले अरू कहाँ मद्दत पाउन सक्नुहुन्छ?

तपाईं एक स्वतन्त्र वृद्ध हेरचाह अधिवक्तालाई तपाईंलाई मद्दत गर्न अनुरोध गर्न सक्नुहुन्छ। अधिवक्ताले निम्न गर्न सक्छ:

- तपाईंलाई आफ्नो अधिकार बुझ्न मद्दत गर्न
- वृद्ध हेरचाह समस्याको बारेमा तपाईंको सेवासँग कुरा गर्न मद्दत गर्न
- हामीसँग उजुरी गर्न
- तपाईंको वृद्ध हेरचाह समस्याहरू समाधान गर्न।

तपाईंले वृद्ध व्यक्तिहरूको वकालत सञ्जाल (Older Persons Advocacy Network) वेबसाइटमा गएर वा उनीहरूलाई **1800 700 600** मा फोन गरेर नि:शुल्क र गोप्य मद्दत प्राप्त गर्न सक्नुहुन्छ।

**अधिकारको कथन (Statement of Rights)**
agedcarequality.gov.au/older-people/your-rights

**वृद्ध हेरचाह गुणस्तर तथा सुरक्षा आयोग**
agedcarequality.gov.au/contact-us

**वृद्ध हेरचाह आचारसंहिता**
agedcarequality.gov.au/older-people/your-rights/aged-care-code-conduct

**वृद्ध हेरचाह गुणस्तर मापदण्डहरू**
agedcarequality.gov.au/older-australians/your-rights/aged-care-quality-standards

**वृद्ध व्यक्तिहरूको वकालत सञ्जाल वेबसाइट**
opan.org.au

1800 951 822
agedcarequality.gov.au
तपाईंको राजधानी शहरमा Aged Care Quality and Safety Commission, GPO Box 9819

**यो स्रोत अनलाइन फेला पार्नुहोस्**
agedcarequality.gov.au/resource-library/what-aged-care-quality-and-safety-commission-fact-sheet

EEC006